कालीगण्डकी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा
स्थापित २०७३

Email:kaligandakiruralmunicipality@gmail.com
Website: www.kaligandakimunsyangja.gov.np
गण्डकी प्रदेश, नेपाल


पत्र संख्या : २०७६/०७७
चलानी नं : १५८८

मिति : २०७७/०२/२०

## सहकारी मार्फत सिप विकास तालिम सम्बन्धी प्रस्ताव आह्वानको सात दिने सूचना

भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबारको सशर्त अनुदानको रुपमा यस गाउँ पालिकाको आ.व. ०७६/०७७ को वार्षिक कार्यक्रम अनुसार स्याङ्गजा जिल्लामा सहकारीमा आधारित सिप विकास तालिम सञ्चालन गर्ने कार्यक्रम रहेकोले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपशिल बमोजिमको शर्त भित्र रहेर तालिम सञ्चालन गर्न इच्छुक स्याङ्जा जिल्ला स्थित सवै संस्थाहरुले गाउँपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्न सुचना प्रकाशित गरिएको छ ।

- सहकारी स्याङ्गजा जिल्ला अन्तर्गत दर्ता भएको र स्याङ्गजा जिल्ला कार्य क्षेत्र भएको हुनु पर्नेछ ।
- महिला, दलित र विपन्न वर्ग तथा श्रमजीवीहरुद्वारा सञ्चालित सहकारीलाई प्राथमिकता दिइनेछ ।
- प्रस्तावमा स्पष्ट रुपमा तालिम, तत्सम्बन्धी आवश्यक सामाग्री, व्यवसाय शुरु गर्ने प्रतिवद्धता र सोको खाका सुनिश्चतता हुनु पर्नेछ ।
- सहकारी संस्थाले पेश गरेको प्रस्तावमा विषय अनुसार आफूसंग भएको पूर्वाधार र संभाव्यता स्पष्ट रुपमा खुलाएको हुनुपर्नेछ ।
- प्रस्ताव पेश गर्दा इमेल मार्फत पनि पेश गर्न सकिने छ ।

**प्रस्ताव पेश गर्न सकिने क्षेत्र तथा विषय बस्तुहरु**

- मौरीपालन तालिम र आवश्यक उपकरण वितरण
- सस तथा अचार उत्पादन तालिम र आवश्यक उपकरण वितरण
- हस्तकला (माटोको भाँडा बनाउने) तालिम र आवश्यक उपकरण वितरण
- सामुहिक तरकारी खेती र आवश्यक उपकरण वितरण
- च्याउ खेती र आवश्यक उपकरण वितरण
- गाई/भैंसीको श्रोत केन्द्र स्थापना
- उन्नत घाँसको श्रोतकेन्द्र स्थापना
- झोल साबुन र सेनेटाइजर उत्पादन
- पाउडर साबुन उत्पादन
- सेनेटरी प्याड उत्पादन

**प्रस्तावसाथ संलग्न हुनुपर्ने कागजातहरु**

- सहकारी दर्ताको प्रमाणपत्रको प्रतिलीपी
- आ.व. ०७५/७६ को लेखापरिक्षणको प्रतिवेदन

...विश्वर रेग्मी
...प्रशासकीय अधिकृत

- सञ्चालक समितिको निर्णय
- स्थानीय तहको सम्बन्धित वडाको सिफारिस
- सहकारी संघमा आबद्धताको प्रतिलीपी

**प्रस्ताव पेशका शर्तहरु**

- तालीम देखी व्यबसायीकरण सम्मको सुनिश्चितता हुनु पर्ने ।
- तालीम आवश्यकता अनुसार बढिमा १५ दिन सम्मको हुनुपर्ने छ ।
- तालीम सञ्चालन गर्दा भौतीक दुरी कायम गर्नुपर्ने छ ।
- तालीमको श्रोत व्यक्तिको व्यक्तिगत विवरण र प्रमाण पत्र हरु साथमा पेश गर्नुपर्ने छ।
- यस अधि यस प्रकृतीका तालीम सञ्चालन गरेको अनुभव भएमा सोको प्रमाण र प्रगती विवरण गर्नुपर्ने छ ।
- तालीममा प्रयोग गरीने कच्चा पदार्थको प्राप्तीको सुनिश्चितता पेश गर्नु पर्ने ।
- तालीम कहिले कहां कसरी र कस कस्लाई सञ्चालन गर्ने हो सोको विधी सहित पेश गर्नु पर्नेछ ।
- प्रस्तावको छनौट जिल्ला सहकारी सघं र कालीगण्डकी गा.पा.को संयुक्त टोलीले गर्ने छ । संस्थागत हितलाई ध्यानमा राखी प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कार्यालयको हुनेछ । छनौट गर्दा बढीमा उपयुक्त १४ सहकारीको छनौट गरिनेछ ।
- तालीम सञ्चालनको अनुगमन गा.पा. र जिल्ला सहकारी सघंको संयुक्त टोली वा छुट्टा छुट्टै पनी गर्न सकीने छ ।
- प्रस्ताव स्विकृत भएका सहकारी हरुका लागी तालीम सञ्चालन देखि व्यबसायीकरण सम्मको लागि बिल भरपाई, अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात सहकारीको बैंक खाता मार्फत भुक्तानी हुनेछ ।
- तालिममा सहभागीको संख्या २० जना भन्दा नबढने गरी हुनुपर्नेछ ।
- प्राविधिक र आर्थिक प्रस्ताव एकै साथ पेश गर्दा आवश्यकता अनुसार बढिमा १० लाख सम्मको प्रस्ताव पेश गर्न सकिने छ ।

सर्म्पक नं. ९८५६०००७७० इमेल Kaligandakiruralmunicipality@gmail.com

ऋषिश्वर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत